नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 25 No 7 Monthly International Edition of Herald of His Coming July 2024

वर्ष २५, अङ्क ७ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (साउन, २०८१)

सफल जीवन

The Life of Wins)

Vol 83, No 5 (977)

हरेक मानिसको जीवन एक प्रकारको हुन्छ, त्यो जीवन सफलताको संकेत हो, र त्यो जीवन ख्रीष्ट येशू द्वारा मात्र प्राप्त हुन्छ । उहाँको जीवनलाई हरेक मानिसले प्राप्त गर्न सक्दछन् । त्यो जीवनलाई अपनाएर हरेक मानिस बाँच्न सक्दछ । यसरी हरेक मानिसले जीवनलाई अनुभव गर्न सक्दछ ।

यहाँनेर मैले भन्न खोजेको कुरा हरेक मानिस येशू जस्तै वन्न सक्छ भन्नु खोजेको छैन । मैले त यो भन्दा अझै ठूलो कुरा भन्न खोजेको छुँ । मैले यो पनि भन्न खोजेको छैन कि मानिसले येशूको सहायता सधैं प्राप्त गर्न सक्दछ । मैले यो कुरा भन्दा पनि अझै माथिको कुरा भन्न खोजेको छु । मैले मानिसले सधैं येशूको शक्ति प्राप्त गर्न सक्दछ पनि भन्न खोजेको छैन । त्यो भन्दा पनि अझै बढ्ता भन्न खोजेको हुँ । मैले मानिस पापवाट वाँच्न सक्छ मात्र भन्न खोजेको छैन । मैले त त्यो भन्दा पनि बढ्ता भन्न खोजेको छु ।

मैले यहाँनेर के भन्न खोजेको छु भन्ने कुरा यहाँ मेरो अनुभवबाट वताउन चाहान्छु । मैले इमान्दारी साथ बोल्नुपर्दा अरु मानिसहरूले भन्दा असफलता, विश्वासघात र अपमान अनुभव गरेको छु । मैले येशूको अपमान गरेको छु, स्वर्गिय विचारको अवज्ञा गरेको छु, र मैले येशूलाई कसैले पनि नगरेको निन्दा गरेको छु । यसको विपरित उहाँको धैर्यता, अनन्त प्रेम, दयाको कारणले मेरा सम्पूर्ण असफलतालाई ढाकेको महसुस गरेको छु । मेरो जीवन कथा यस्तै यस्तै छ म यति निरास छु र असफल छु यहाँ भन्ने अफ्ठ्यारो भएको छ, तापनि त्यसको कारणहरू मुख्य गरी तिन वटा भएको थाहा गर्दछु ।

१. आध्यात्मिक जीवनमा उतारचढाव :

म कहिलेकाहीं आत्मिक रुपमा एकदमै उच्च स्थानमा भएको थाहा गर्दथे त कहिले एकदमै टाढा भएको थाहा गर्दथे । प्रेरणादायी सभा, सम्मेलनमा जाँदा, पवित्र आत्माले भरिएका किताबहरू पढ्दा उत्साहपूर्ण प्रवचन सुन्दा म अतिनै बलियो भएको महसुस हुन्थे र उहाँसँगै भएको महसुस गर्दथे । तर यो अवस्था लामो समय सम्म रहन सक्दैनथ्यो । कतिपटक म प्रलोभनमा परेको महसुस गर्दै, कहिले अरु नकारात्मक कुराहरूको कारणले, एकदमै निरुत्साहित हुँदै, म परमेश्वरबाट टाढा भएको महसुस गर्दथे र अब म माथि उठ्नै सक्दिन कि जस्तो लाग्दथ्यो, जुन मसिही जीवनको लागि एकदमै खतराको कुरा हो ।

(२) लगातार गरिएको पापः

मेरा जीवनका कति क्षेत्रहरूमा गलत कामलाई जित्नको लागि संघर्ष गरिरहेको थिइन् । मैले पूर्णता खोजिरहेको थिइन् तर म विश्वास गर्दथे परमेश्वरमा विजय जिवन छ र त्यो जीवन प्राप्त गर्न सकिन्छ । जीवन सधै हार र असफलता र निरास मात्र हैन जीवन ख्रीष्टमा छ भन्ने थाहा पनि थियो । मैले प्रार्थना पनि गरिरहेको थिए, तर म सफलता तिर जानै सकेको थिइन् ।

(३) आत्मिक शक्तिको कमि :

मैले परमेश्वरसँग सम्बन्धित धेरै कामहरू गरिरहेको थिए, व्यक्तिगत रुपमा असलै काम गरेको थिएँ । मानिसहरूलई ख्रीष्टको वारेमा बताएको पनि थिएँ । म हरेक कामको परिणाम पनि खोजिरहेको थिएँ । तर मेरो कामले मानिसहरूको जीवन ख्रीष्ट येशूमा परिवर्तन भएजस्तो मलाई लागेको थिएन । अरुहरूले आफ्नो जीवनमा परमेश्वरको काम भएको कुराहरूको गवाही दिन्थे तर मसँग यस्तो किन हुँदैन, म किन सधै कमजोर छु ? मेरो आत्मिक जीवन देखेर म एकदमै दुखी हुन्थे । मैले यसरी उहाँमा देखावटी जीवन विताइरहेको थिएँ ।

येशूको नयाँ सोच :

मेरा साथिहरू र मैले भेटेका मानिसहरूको जीवन मेरो भन्दा एकदमै फरक थियो र तिनीहरूको ख्रीष्ट सँगको सम्बन्ध एकदमै नजिक र गहिरो भएको मैले महसुस गरेको थिएँ । जब मैले मेरा कमजोरिहरू थाहा पाएँ, तर यो मैले कसैलाई पनि भन्न सकिरहेको थिइन । झन मेरो मनमा यस्ता प्रश्नहरू आए के मैले ख्रीष्ट लाई जीवनको स्वामी भनेको छैन ? आज भन्दा विस वर्ष अगाडि मैले ख्रीष्टलाई साँचो रुपमा उद्धारकर्ता भनेर स्वीकार गरेको थिइन र ? के मैले त्यतिवेला मेरो सम्पूर्ण जीवन तपाईंलाई दिन्छु भनेर स्वीकार गरी वाचा वाँधेको थिइन र ? के मैले साँचो पश्चाताप गरेकै छैन र ? यी सबैकुरा मैले गरेकै थिए । त्यसै कारणले गर्दा मैले मेरो सोचाइ भन्दा येशूको सोचाई कति महान छ भन्ने कुरा छ भन्न सकेको रहनेछु भन्ने महसुस गरें ।

यस्तै मलाई एउटा घटनाले एकदमै प्रभाव पारेको थियो जसलाई मैले नजरअन्दाज गर्न सक्दिन । त्यो घटना मलाई हिजो जस्तै लाग्दछ । कुरा डा. जोन जोवेटको हो, उनी इङ्लेण्डका वासिन्दा थिए । मैले एकपट उनले एफिसी ४:१२-१३ सम्मको खण्डलाई व्याख्या गरेको लेख पढ्ने मौका पाएको थिएँ । जसमा उनले ख्रीष्टको शरीरलाई बनाउने र विश्वासको एकता र परमेश्वरको पुत्रको ज्ञानमा पुग्नका लागि, साँचो मानव वन्नका लागि ख्रीष्टको पूर्णता अनुसारको मापमा पुग्न उहाँले हामीलाई वोलाउनु हुन्छ भनेका छन् "ताकि सन्तहरूको सेवा र ख्रीष्टको शरीरको निर्माणका लागि होस् विश्वासको एकता र परमेश्वरको पुत्रको ज्ञानमा, पुग्नका लागि, पूर्ण व्यक्ति वन्नका लागि ख्रीष्टको पूर्णता अनुसारको मापमा पुग्नका लागि ।" (एफिसी ४ : १२ - १३)

यस्तै मैले अर्का विद्वान व्यक्ति जोन ईडलस एडमलाई पनि भेट्ने ठूलो अवसर पाएको छु र उहाँलाई ख्रीष्टमा सधैं स्थिर बस्नुपर्दछ भन्ने सल्लाह दिनुभयो । उहाँले आफ्नो अनुभव यसरी वताउनु भयो "मैले सँधै ख्रीष्ट म संग हुनुहुन्छ भनी सोच्दा खेरी उहाँको शक्ति प्राप्त गरेको थाहा गरे ।" उहाँको भनाई उहाँको व्यक्तिगत भावना भएता पनि मेरो लागि ठूलो चुनौती दिने प्रकारको थियो । उहाँले भन्नुभयो "येशू मेरो सोचको घर" भनी व्याख्या गरे । यसले उहाँलाई स्वतन्त्रता भएको उहाँको अनुभव थियो र त्यो स्वतन्त्रताले उहाँलाई हलुका भएको, खुला भएर ख्रीष्ट तिर फर्काउन सक्दछ भन्ने उहाँको व्यक्तिगत अनुभव थियो । उहाँले यसरी मर्नुभयो । "म एक्लै हुदा पनि साथिहरूसँग बोलेजस्तै ख्रीष्टसँग बोल्न र कुराकानी गर्न सक्दछु, उहाँ मेरो असल मित्र ।"

केही महिना पछिको कुरा हो मैले एडिनवर्गमा एउटा वृहत

सम्मेलनमा भाग लिने मौका पाएँ । जहाँ डा. रोवर्ट होर्टनले "ईसाइ जीवनका श्रोतहरूको" विषयमा बोल्नु भयो । मैले शिर्षक हेर्ने वित्तिकै उहाँले हामीलाई ईसाइ जीवनलाई वलियो वनाउन के गर्न सकिन्छ ? "भन्ने कुरा भन्नुहुन्छ जस्तो लागेको थियो । तर उहाँले यसो प्रचार गर्नु भएन उहाँले त ईसाइ जीवनका श्रोत केवल येशू मात्र हुनुहुन्छ ।" भनी सिकाउनु भयो । किन यस्तो फरक विषय आयो मैले बुझ्न सकेको थिइन् । तर यसको व्याख्याले मलाई नयाँ उत्साह दियो सम्मेलन सकिए पछि मैले डा. 'होर्टन' सँग भेट गर्ने अवसर पाए, र म मा के समस्या भएको छ त्यो कुरा संक्षिपमा राखें । मेरो समस्याको उत्तरमा उहाँले भन्नुभयो" यदि तिमीले येशूमा पूर्ण विश्वास गर्न सक्यौ भने उहाँले हामीलाई अझै बढ्ता मद्दत गर्नुहुन्छ । मैले लण्डन छाड्नु भन्दा अगाडि मैले मित्र रेभ रिचर्ड रोर्वटले दिनुभएको प्रवचनलाई सुन्ने अवसर प्राप्त गरें । उहाँले फिलिस्पी १:२१ पद वाट "जीवित हुनुभएको ख्रीष्ट हुनुहुन्छ " भनी एकदमै जोड दिएर प्रचार गरे । उनले येशूलाई सम्पूर्ण जीवन र एकमात्र जीवनको रुपमा प्रस्तुत गर्नुभयो । यहाँबाट मैले एउटा नयाँ कुरा सिक्ने अवसर पाएँ ।

धेरै समय पछि मैले भारतका बिशप ओल्डह्यामले "जीवनको पानी" भन्ने विषयमा प्रचार गरेको सुन्ने अवसर पाएँ । उहाँले येशूका अनुआईहरूले संसारलाई तिर्खा भेट्नको लागि पानी दिने श्रोत बन्नु पर्दछ, पानीको श्रोत भएकाले संसारलाई तिर्खा मेट्न त्यो पानी लगातार र शक्तिशाली रुपमा दिनुपर्दछ । उहाँले येशूको वचनलाई उदृत गर्दै यस्तो भने "जसले म माथि विश्वास गर्दछ धर्मशास्त्रले भने अनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू वगिनिस्कने छन् ।" (यूहन्ना ७ : ३८) उहाँले यो वचनलाई व्याख्या गर्दा कोही मासिनहरूले जीवनको पानीवाट समय समयमा मात्र पिउने भएकाले उनिहरूको जीवनमा आशिष पनि समय समयमा मात्र आउँछ तर यो खण्डले चाहेको कुरा त्यस्तो होइन यसको अर्थ जसले उहाँमाथि विश्वास गर्दछ, उसले लगातार आशिषको महसुस गर्दछ किनभने उसले त्यो नदीवाट लगातार पानी पिएको हुन्छ । कस्तो आशिषको वचन मैले प्राप्त गर्न सकें । उहाँले एकजना वृद्ध महिलाको उदाहरण दिनुभयो जसले येशूलाई एक वर्षदेखि मात्र अनुभव गरेकी थिइन् ।

अर्को दिन विहान, मेरो कोठामा म एक्लै थिएँ, मैले प्रार्थनामा 'परमेश्वर मलाई बाहिर निस्कने असल वाटो देखाउनुहोस्' भनी प्रार्थना गरे । मेरो लागि अद्भूत सुरक्षा दिनुहोस्, मैले एस्तो जीवनको अनुभव गर्न सकौं जो अरु मानिसहरूको लागि पनि उपयोगि हुन सकोस् । प्रभु ! मैले आजसम्म नपाएको प्रकाश मलाई दिनुहोस् ! भनी गम्भिर भएर प्रार्थना गरें । त्यती बेला नै मैले रिचर्ड रोवर्टको 'मेरो जीवन ख्रीष्ट हनुहुन्छ' भन्ने पुस्तक पल्ट्याएर हेरें र पढें अनि मैले घुँडा खुम्चाएर प्रार्थना गरें । त्यो समयमा मैले आजसम्म नगरेको अनुभव परमेश्वरले मलाई दिनुभयो । उहाँको धैर्यताले मलाई माफ गर्नु भयो, प्रेम गर्नुभयो, स्विकार गर्नुभयो । यहाँ मैले सोचेको भन्दा फरक प्रकारको ख्रीष्टको साँचो अनुभव मैले प्राप्त गर्न सकें । परमेश्वरले मलाई अब ख्रीष्टलाई हेर्ने नयाँ दृष्टिकोण दिनु भयो अब त्यो ख्रीष्ट मेरो हो।

यो घटनाबाट मैले नयाँ करारमा येशूले चाहनु भएको जीवन कस्तो हो भन्ने कुरा ठ्याक्कै बुझ्न सकें । त्यो पुस्तक पढ्दै गर्दा गर्दै मेरो जीवन भरिएको महसुस गर्न सकें । हिजोका दिनहरूमा पनि मैले येशू मेरो मुक्तिदाता हुनुहुन्छ भनेर वाहिरी रुपमा मात्र जानेको थिएँ । अब मैले बुझ्न सकें कि उहाँ मेरो मित्र परिवर्तन गर्ने मुक्तिदाता र जीवनको स्वामी हुनुहुन्छ । अब मलाई थाहा भयो कि ख्रीष्ट मेरो मित्र हुनुहुन्छ । त्यो भन्ना बढ्ता मेरो भित्र रहेर, उहाँले मलाई परिवर्तन गराउनु भयो । उहाँ मेरो तन र मनको परिवर्तन गर्ने ईश्वर हुनुहुँदो रहेछ भन्ने मैले

थाहा गरें । के हाम्रो जीवनको लागि उहाँ एक सहायक मात्र हुनु राम्रो होइन र, वा बाहिरी उद्धारक हुनु राम्रो त राम्रै हो तर येशू खीष्ट, परमेश्वरका पुत्रले हाम्रो भित्री मनुस्यत्वलाई परिवर्तन गर्नुहुन्छ । उहाँ हाम्रो जीवन हुनुहुन्छ । यसको अर्थ मेरो जीवनको सम्पूर्णता उहाँ हुनुहुन्छ । मेरो शरीर उहाँको हो, मेरो प्राण उहाँको हो, मेरो इच्छा उहाँको हो, मेरो आत्मा उहाँको हो ।

व्यक्तिगत ज्ञान :

जसले येशूको जीवन प्राप्त गर्दछन् उनिहरू विजयी हुन्छन् किनभने येशूको जीवननै जित्ने जीवन हो भन्ने कुरा मैले बुझ्न सकें । त्यो जीवननै येशू खीष्टको हो । यदि हामीले उहाँलाई हाम्रो जीवन भित्र पूर्ण रुपमा काम गर्न दियौं भने उहाँ हामी भित्र आउनुहुन्छ, हामीलाई ओगट्नु हुन्छ र हाम्रो जीवनलाई परिवर्तन गर्नुहुन्छ । हामीले उहाँमा पूर्ण रुपमा आत्मा समर्पण गर्दछौं भने, र हाम्रो इच्छालाई उहाँको इच्छा अनुसारको बनाउँछौं, भने उहाँ हाम्रो जीवनको अधिपती र उद्धारकर्ता बन्नुहुन्छ । उहाँ हामीलाई आफ्नो पूर्णता दिनुहुन्छ ।

मैले येशू खीष्टलाई मेरो वाहिरी उद्दारकर्ताको रुपमा मात्र मान्ने गरेको थिएँ । यसरी हेर्दा मेरो उद्धारक त हो तर मेरो भित्री जिवन भने परिवर्तन भएको थिएन । उहाँले मलाई जसरी आफ्नो सम्पूर्ण जीवन दिनुभयो मैले पनि उहाँलाई आफ्नो सम्पूर्ण जीवन दिनु पर्ने रहेछ भन्ने कुरा मैले बुझ्न सकें । उहाँलाई केवल सहायकको रुपमा भन्दा उहाँलाई जीवनकै रुपमा पाउनु कति आदरणीय कुरा हो । जब उहाँ मेरो साँचो उद्धारक हुनु भयो, मेरो प्राण, आत्मा शरीर सबै उहाँकै हो म सम्पूर्ण उहाँकै हूँ ।

आवश्यकताका समाधान :

मैले माथि भनेका तिन समस्याहरूको यहाँनेर समाधान भएको देख्दछु ।

(१) परमेश्वरसँगको संगलनता पूर्णतया नयाँ छ र अतितका सबै अनुभवहरू भन्दा धेरै उत्तम छ ।

(२) केही सधैंको निम्ति पीडा दिने पापहरूमा एक नयाँ प्रकारको विजय प्राप्त भएको छ ।

(३) आध्यात्मिक सेवामा अनपेक्षित खुशी प्राप्त भएको छ यस्ता कुराहरू जुन पृथ्वीका असम्भव लाग्ने कुरा खीष्टमा सम्भव छ ।

खीष्ट हाम्रो जीवनको केवल सहायक मात्र बन्न चाहनुहुन्छ । हामी हाम्रो जीवनको साँचो अर्थमा स्वामी र प्रभु अनि जीवन नै हुनुहुन्छ । उहाँसँग जहिले पनि विजय छ असफलता उहाँबाट कहिले आउँदैन । अब हामीले यो प्रकारको सेवा गर्न जरुरी छ । अब हामीले येशूको सेवाले अरुलाई सेवा गर्दछौं । हाम्रा सम्पूर्ण कामहरू उहाँले दिनुभएको जीवनको परिणाम हो । त्यो हाम्रो जीवनको सर्त भने होइन ।

तीन सर्तहरूलाई विचार गरौं-

तीन सर्तहरू :

(१) सम्पूर्ण कुरा पूर्ण र शर्तविहीन रुपमा खीष्टलाई अधिपति वनाउनुहोस् ।

(२) येशूको जीवनको पूर्णता प्राप्त गर्न परमेश्वरसँग माग्नुहोस् ।

(३) परमेश्वरले हामीले मागेका कुराहरू दिनु, हुन्छ भन्ने कुरा विश्वास गर्नुहोस् ।

खीष्टले हामीलाई आशिष दिनुहुन्छ कतिपटक हामीले आशिषलाई स्विकार गर्दछौं तर आशिषदातालाई विर्सन्छौं । हामीले हाम्रो जीवनलाई पूर्ण रुपमा समर्पण गरेर मात्र उहाँको आशिष प्राप्त गर्न सक्दछौं । किनकि उहाँ हाम्रो जीवनको श्रोत हुनुहुन्छ । के तपाईंले यी माथि यतिएका कुराहरूलाई मानिलिनुहुन्छ ? आमिन् ।

"The life That wins" नामक पुस्तकबाट अनुकुलित गरिएको, लेखक चार्ल्स जी. ट्रम्बुल (1862 - 1941)

ख्रीष्टको परिपूर्णता

The Fullness of Christ

By Rich Carmicheal

आजको बाइबल अध्ययनको लागि हामीले यी पदहरू पूरै नभएर विचारमात्र यहाँहरूको विचमा राख्न समय सान्दर्भिक सम्झेको छु । "उहाँ मरेकाहरू र जीवितहरूको प्रभु हुनुहुन्छ (रोमी १४ :९) उहाँ परमेश्वरको शक्ति र परमेश्वरको ज्ञान हुनुहुन्छ (१ कोरिन्थी १ : २४) र सबै कुरामा उहाँको प्रधानता छ ।" (कलस्सी १: १८) हामी यसैको वरिपरी रहेर बाइबल अध्ययन गर्दा कलस्सी २ : ९ - १० लाई विचार गरौं जहाँ लेखिएको छ "ख्रीष्टमा नै सम्पूर्ण परमेश्वरत्व शारीरिक रुपमा वस्दछ, र तपाईं उहाँमा पूर्ण हुनुहुन्छ ।"

पूर्ण भन्ने शब्द खास शब्द परिपूर्णता बाट आएको हो भन्ने कुरा बुझ्ने हो भने यसर्लाइ बुझ्न एकदमै सजिलो हुनेछ । यसैले खास अर्थ "हामी ख्रीष्टमा पूर्ण बनाइएका छौं" भन्ने लाग्दछ । यस्तै अरु मिल्ने शब्दहरूमा "ख्रीष्टको परिपूर्णता, परमेश्वरको परिपूर्णता हामी उहाँमा पूर्ण बताइएको वा उहाँमा परिपूर्ण छौं भन्ने लाग्दछ । जस्तो प्रेरित यूहन्नाले भनेका छन् "उहाँको परिपूर्णताबाट हामी सबैले अनुग्रह माथि अनुग्रह प्राप्त गरेका छौं ।" (यूहन्ना १: १६)

ख्रीष्ट हाम्रो जीवनमा उहाँका अनुग्रहद्वारा काम गर्नुहुन्छ भन्ने कुरा यो खण्डको अर्थले हामीलाई कुनै आश्चर्यमा पार्न सक्दैन । ' परमेश्वरले ख्रीष्ट येशूको महिमा अनुसार हाम्रा सबै आवश्यकताहरू पूरा गर्नुहुन्छ ।' (फिलिस्पी ४ : ११) ख्रीष्टको ईश्वरीय शक्ति मार्फत हामीसँग जीवन र कर्मको लागि आवश्यक सबै कुरा छ ।" (२ पत्रुस १: ३) यी खण्डहरूलाई विचार गर्दै आउनुहोस् ख्रीष्टको पूर्णताको विषयमा छलफल गरौं ।

हाम्रो महिमित प्रभु येशू ख्रीष्ट :

यो बाइबल अध्ययन पाठ भएकोले हामी बाइबलका यी धेरै महत्वपूर्ण वदहरूलाई उर्द्धत गर्न चाहन्छु । जुन हाम्रो विषयसँग सम्बन्धित छन् । "उहाँले प्रधानता र शक्तिहरूलाई नि:शस्त्र पारी ती सबै माथि क्रुसमा विजय प्राप्त गर्नुभयो । र तिनलाई खुल्लमखुल्ला तमाशा बनाईदिनु भयो । यसकारण खान र पिउनमा वा वर्षको दिन वा औंसी वा शवाथ दिन मान्ने विषयमा कुनै मानिसले तिमीहरूलाई दोष नदेखाओस् । यो चाहिँ आउने कुराका छायाँ मात्र हुन् तर वास्तविकता चाहिँ ख्रीष्टमा हुन्छ ।" (कलस्सी १ : १५ - १७)

"उहाँ नै परमेश्वरका महिमाको प्रतिविम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरुप हुनुहुन्छ र सम्पूर्ण विश्वलाई आफ्नै शक्तिको वचनले समाल्नुहुन्छ ...।" (हिब्रू १ : ३) "किनकी उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरेकोमा परमेश्वर प्रशन्न हुनुभयो ।" (कलस्सी १ : १९)

"आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अति वचन परमेश्वर हुनुहुन्थ्यो ।" (यूहन्ना १ : १) " परमेश्वरको स्वरुपमा भएर पनि उहाँले परमेश्वरको वराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तु जस्तो ठान्नु भएन ।" (फिलिस्पी २ :६)

"उहाँका नाउँको खातिर विश्वासद्वारा आउने आज्ञापालन सबै जातिहरूका बीचमा ल्याउनलाई हामीले उहाँद्वारा अनुग्रह र प्रेरितको काम पाएका छौं ।" (रोमी १: ५) "म अल्फा र ओमेगा, पहिलो र पछिल्लो, आदि र अन्त्य हूँ ।" (प्रकाश २२ : १३)

"तपाईं ख्रीष्ट हुनुहुन्छ परमेश्वरका पुत्र ।" (मत्ती १६ : १६) "पिता र म एकै हौं ।" (यूहन्ना

१०:३०)"मैले तपाईको नाउँ यिनीहरूलाई प्रकट गरें, अति तपाईको नाउँ यिनीहरूमा प्रकट गराईरहने छु, ताकि जुन प्रेमले तपाईंले मलाई प्रेम गर्नुभयो, त्यो तिनीहरूमा रहोस् र म तिनीहरूमा रहूँ ।" (यूहन्ना १७:२६)

"यसकारण यदि तिमीहरू ख्रीष्टसँग जिइउठाइएका छौ भने माथिका कुराहरूको खोजी गर, जहाँ ख्रीष्ट हुनुहुन्छ, र परमेश्वरको दाहिने बाहुलीपट्टि वस्नुभएको छ ।" (कलस्सी ३ :१) "येशूले तिनलाई भन्नुभयो" बाटो, सत्य र जीवन म नै हूँ । म द्वारा वाहेक कोही पनि पिताकहाँ आउन सक्दैन ।" (यहून्ना १४ :६)

"...उहाँको नाउँ परमेश्वरको वचन थियो ।" (प्रकाश १९ : १३) "जिवन दिने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा हुँदैन । जुन वचन मैले तिनीहरूसँग वोलेको छु ती आत्मा र जीवन हुन् ।" (यूहन्ना ६:६३) "कि प्रेममा एकसाथ वाँधिएर तिनीहरूका हृदय प्रोत्साहित होऊन्, र पक्का समयका परिपूर्णताको सम्पत्ति र परमेश्वरका रहस्यको ज्ञान, अर्थात ख्रीष्टलाई प्राप्त गरुन् । उहाँमा नै ज्ञान र वुद्धिका सारा सम्पत्ति लुकेका छन् ।" (कलस्सी २ : २ - ३)

"किनकी जुन जग वसालि सकिएको छ, जो ख्रीष्ट हुनुहुन्छ, त्यसवाहेक कुनै मानिसले अर्को जग वसाल्न सक्दैन ।" (१ कोरिन्थी ३ :११) "...जो जीवित पत्थर हुनुहुन्छ ।" (१ पत्रुस २ : ४) र उहाँ अमुल्य जग वसालिएको ढुङ्गो हुनुहुन्छ ।" (१ पत्रुस २ :६) "उहाँ जीवनको रोटी हुनुहुन्छ ।" (यूहन्ना ६ : ३५) उहाँले अनन्त जीवनको कलिहै ननास्सिने भोजन दिनुहुन्छ । (६ : २७) "उहाँ आत्मिक चट्टान हुनुहुन्छ ।" (१ कोरिन्थी १० :४) उहाँ जीवनको पानी हुनुहुन्छ र उहाँले सन्तुष्टि दिनुहुन्छ । (यूहन्ना ४ :१४) उहाँले पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुन्छ ।" (मत्ती ३ :११)

उहाँ असल दाखका बोट हुनुहुन्छ । (यूहन्ना १५:१) र उहाँ अनन्त जीवनको श्रोत हुनुहुन्छ । (१५ :११) उहाँले कहिलै नसिद्धिने शान्ति दिनुहुन्छ ।" (१४:२७) उहाँ आशाको श्रोत हुनुहुन्छ । (१ थेसिलोनिकी १:३) उहाँ शक्तिको श्रोत हुनुहुन्छ । (फिलिस्पी ४ :१३) उहाँ सान्त्वनाको श्रौत हुनुहुन्छ (२ थिसलोमिकी २ : १६ - १७) उहाँ विश्रामको श्रोत हुनुहुन्छ । (मत्ती ११: २९) उहाँ धैर्यताको श्रोत हुनुहुन्छ ।(२ थिसलोनिकी ३ :५) उहाँ नै धार्मिकताको श्रोत हुनुहुन्छ (फिलिस्पी १:११) र उहाँमात्र पवित्रताको श्रोत हुनुहुन्छ (१ कोरिन्थी १:२)

उहाँ अनुग्रह र सत्यताले भरिपूर्ण हुनुहुन्छ । (यूहन्ना १: १४) उहाँ दयाको खानि हुनुहुन्छ । (मत्ती ९:२६) उहाँ सहनशील हुनुहुन्छ (१ तिमोथी १: १६) उहाँको प्रेम अति नै चौडा, लामो, गहिरो र अग्लो छ । (एफिसी ३ :१८ - १९) उहाँको प्रेमबाट हामीलाई कुनै पनि चिजले अलग गर्न सक्दैन । (रोमी ८:३५) उहाँ विश्वास योग्य र सत्य हुनुहुन्छ । (प्रकाश १९ : २१)

उहाँको नाउँ येशू हो जसले आफ्ना मानिसहरूलाई पापबाट वचाउनु हुन्छ । (मत्ती १: २१) उहाँको नाउँ सबै नाउँभन्दा माथि छ । (फिलिस्पी २ :९) र उहाँ वाहेक अरु कतैबाट पनि मुक्ति प्राप्त गर्न सकिदैन । (प्रेरित ४:१२) उहाँ संसारको उद्धारकर्ता हुनुहुन्छ । (यूहन्ना ४ :४२) र उहाँले मात्र मानव जातीलाई पूर्ण रुपमा वचाउन सक्नुहुन्छ । (हिब्रू ७ : २५)

उहाँ परमेश्वरले स्वर्गबाट पठाउनु भएको मन्न हुनुहुन्छ (यूहन्ना १: २९) उहाँको रगत अमुल्यको छ । (१ पत्रुस १: ११) उहाँ मुक्ति गर क्षमाको श्रोत हुनुहुन्छ । (कलस्सी १: १४) उहाँ असल गोठालो हुनुहुन्छ जसले आफ्ना भेडाहरूलाई आफ्नो प्राण दिनुभयो । (यूहन्ना १०:१४ - १५) उहाँ हाम्रो आत्माको रक्षक हुनुहुन्छ । (१ पत्रुस २: २५) उहाँ परमेश्वर र मानिसको विचको मध्यस्तकर्ता हुनुहुन्छ (१ तिमोथी २ :५) उहँले पितासंग हाम्रो पक्षमा बोल्नु हुन्छ । (१ यूहन्ना २:१) उहाँ दाउदको सन्तान हुनुहुन्छ (मत्ती १५:२२) र उहाँ मानिसको पुत्र हुनुहुन्छ । (१६:२७) उहाँ एक दयालु र विश्वासयोग्य परमेश्वरको पूजाहारी हुनुहुन्छ, जसले परिक्षामा परेकाहरूलाई मद्दत गर्न रक्षम

हुनुहुन्छ । (हिब्रू २ : १७ - १८) उहाँले आफूलाई नम्र पार्नुभयो र हामी जस्तै मानव वन्नुभयो (फिलिस्पी २ : ७ - ८) उहाँले हाम्रा कमजोरीहरू प्रति सहानुभूति जन्माउनु हुन्छ । (हिब्रू ४ :१५) उहाँले हाम्रा सम्पूर्ण कमजोरीहरू लिनुभयो र हाम्रा सम्पूर्ण रोगहरू पनि लिनुभयो । (मत्ती ८ : १७) उहाँले हाम्रा सम्पूर्ण रोगहरू निको पार्नुहुन्छ । (४:२३) उहाँले हामीलाई दुष्टका वन्धनहरू बाट स्वतन्त्र पार्नुहुन्छ (यूहन्ना ८ : ३६) उहाँले मानव जातीको उद्धार गर्नुहुन्छ । (गलाती १ :४) र उहाँले महान कार्यहरू गर्नुहुन्छ । (मत्ती १३ : ५४) हाम्रो तर्फबाट मध्यस्थता वन्नको लागी उहाँ सधै जीवित हुनुहुन्छ । (हिब्रू ७ : २५) ।

उहाँले संसारलाई जीत्नुभयो । (यूहन्ना १६ : ३३) र उहाँ हाम्रो विजयको श्रोतहुनुहुन्छ । (रोमी ८ : ३६) उहाँ हाम्रो विश्वासको लेखा ठिक प्रकारले राख्ने हुनुहुन्छ । (हिब्रू १२ :२) उहाँले हामीलाई वलवान वनाउन सक्षम हुनुहुन्छ (१ कोरिन्थी १: ८) उहाँलाई क्रुसमा चढाइयो र गाडियो, अनि परमेश्वरले उहाँलाई मरेकाहरूबाट पूर्नजीवित पार्नुभयो (१ कोरिन्थी १५: ३ - ४) उहाँ पुनउत्थान र जीवन हुनुहुन्छ (यूहन्ना ११ : २५) उहाँ मात्र मरेकाहरूबाट पहिलो जन्म लिनुभएको हुनुहुन्छ । (प्रकाश १ :५) उहाँ सधैभरि जीवित हुनुहुन्छ र उहाँसँग मृतलोक र मृत्युका साँचाहरू छन् । (१ :१८) उहाँ स्वर्ग सम्मै चढिजानु भयो । ताकि उहाँले सबै कुराहरू भरिदिन सक्नुहुन्छ (एफिसी ४ :१०) उहाँ दुलही हुनुहुन्छ (मत्ती ९ :१५) उहाँले हामीलाई उहाँसंगै रहेको चाहनुहुन्छ जहाँबाट हामी उहाँको महिमा हेरिरहन सकौं । (यूहन्ना १७ : २४) उहाँ हाम्रो आशाको केन्द्र हुनुहुन्छ (तितस २ : १३) जसले उहाँलाई पर्खीरहेका छन् । तिनीहरूलाई लिन उहाँ छिट्टै आउँदै हुनुहुन्छ (हिब्रू ९ : २८) उहाँ पिताको महिमा र स्वर्गदूत सँग एक दलका साथमा आफ्ना मानिसहरू लिन फेरी वादलको सवारीमा आउनु हुनेछ (मत्ती १६ : २७)

उहाँ राजाहरूका सजा र प्रभुहरूका प्रभुहुनुहुन्छ । (प्रकाश १९:१६) उहाँ यस पृथ्वीका राजाहरूको पनि शासक हुनुहुन्छ । (१:५) उहाँसंग सबै कुराहरूलाई वसमा राख्ने शक्ति र सामर्थ्य छ । उहाँसँग हाम्रो निन्दनीय शरीरलाई महिमीत शरीरमा परिवर्तन गर्ने शक्ति छ । (फिलिस्पी ३ :११) उहाँसंग प्रकृतिम शक्ति पनि अधिकार गर्ने पूर्ण क्षमता छ । (मत्ती ८ : २७) उहाँलाई मात्र यस पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ (९ : २) उहाँसँग सम्पूर्ण स्वर्ग र पृथ्वीमाथि उहाँको अधिकार छ । (२८:१८) उहाँको हातमा सम्पूर्ण कुराहरू छन् । (यूहन्ना ३ : ३५) उहाँ प्रत्येक मानिसको शीर हुनुहुन्छ (१ कोरिन्थी ११ : ३) उहाँ मण्डलीको शिर हुनुहुन्छ (एफिसी ५ :२३) उहाँ सम्पूर्ण प्रधानताहरू र शक्तिहरूमाथि शिर हुनुहुन्छ । (कलस्सी ३ : १०) उहाँले प्रधानता र शक्तिहरूलाई निशस्त्र पार्नुभयो (२ :१५) उहाँले दुष्टका कामहरू नष्ट पार्नुभयो (१ यूहन्ना ३: ८) उहाँले मृत्युलाई जीत्नुभयो र जीवन अमरतालाई उजागर गर्नु भयो । (२ तिमोथी १ :१०)

उहाँ मरेकाहरू र जीवितहरूका प्रभु हुनुहुन्छ (रोमी १४ :९) उहाँ परमेश्वरको शक्ति र ज्ञान हुनुहुन्छ (१ कोरिन्थी १: २४) र उहाँले सवै कुराहरूमा प्रधानता लिनुहुन्छ (कलस्सी १ : १८) ।

उहाँ माथिपूर्ण विश्वास राख्नुहोस्:

हाम्रो मुक्तिदाता कति अचम्मका हुनुहुन्छ । उहाँको महिमाको कुनै सीमा नै छैन । न त उहाँको शक्तिको कुनै सीमा नै छ । उहाँको प्रेमको कुनै सीमा नै छैन, उहाँको श्रोतको पनि कुनै सीमा नै छैन । उहाँ सबै थोकमा सक्षम हुनुहुन्छ र मानव जातीलाई चाहिने सम्पूर्ण कुराहरू उहाँमा नै निहित छ हाम्रो जीवनको पूर्णताको श्रोत नै उहाँको जीवनको पूर्णता हो ।

यी सबै कुराहरूको लागी आवश्यकता भनेको हामीले उहाँमा पूर्ण रुपमा विस्वास गर्नु हो । जीवन प्रेम, शक्ति, पवित्रता र अरु धेरै धेरै कुराको लागि उहाँमा भरोसा राख्नुहोस् । खीष्टमा जीवन सुरु गरे जस्तै गारी

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com